# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालबाट कार्यशाला उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले साउन २७ गते Operational Research Society of Nepal (ORSN) बाट आयोजना गरिएको Data Envelopment Analysis and its Applications in the Financial Sector विषयक दुई दिने कार्यशालाको उद्घाटन गर्नुभयो ।




कृषि विकास बैंकको केन्द्रीय तालिम इन्स्टिच्युट बोडे, भक्तपुरमा आयोजित सो कार्यशालामा प्रमुख अतिथि गभर्नर डा. नेपालले नेपाल जस्तो विकासोन्मुख देशले दीगो आर्थिक वृद्धिका लागि स्पष्ट लक्ष्य सहित आन्तरिक क्षमता अभिवृद्धिका साथै पूर्वाधारहरुको विकास गर्दै जानुपर्ने बताउनु भयो । वित्तीय क्षेत्रलाई विकासको मार्गको रुपमा चित्रण गर्नु हुँदै उहाँले वित्तीय क्षेत्रमा दुर्घटना हुन नदिन र जोखिमको पहिचान तथा व्यवस्थापन गर्नको लागि सम्बद्ध सबै पक्षहरु चनाखो हुनु पर्नेमा जोड दिनुभयो ।

गभर्नर डा. नेपालले ORSN ले गरिरहेको प्रकाशन, अनुसन्धान, तालिम आदिबाट अनुसन्धान तथा विकासलाई प्रवर्द्धन भइरहेको र यस्ता कार्यले समाजमा ज्ञानको प्रवाह हुनुका साथै वित्तीय स्थायित्वलाई सहयोग मिलेको धारणा राख्नुभयो । वैज्ञानिक मानकका आधारमा बैंक तथा वित्तीय संस्थाहरुको गुणस्तरीयताको पहिचान गरी कमजोर संस्था सुधारका लागि सुझाव दिनको लागि तथ्यांकको विश्लेषण र अनुसन्धानमा थप कार्यको आवश्यकता महसुस भएको उल्लेख गर्नु हुँदै उहाँले हरेक संस्थाले आफूलाई पारदर्शी, सक्षम तथा व्यवस्थित बनाउनु पर्ने र सो नगर्ने संस्थालाई समाजले दण्डित गर्ने विचार राख्नुभयो ।



Data Envelopment Analysis तथ्यांक विश्लेषणको उपयोगी उपकरण भएको र यसलाई उपयुक्त तरिकाले प्रयोग गरेमा तथ्यांकमा लुकेर रहेका तथ्यहरु पत्ता लगाउन सकिने कुरा पनि गभर्नर डा. नेपालले उक्त कार्यशालाको उद्घाटनका क्रममा बताउनु भयो । उहाँले कार्यशालाका लागि आमन्त्रित प्रस्तोता Prof. Dr. Ali Emrouznejad (Aston University,UK) लाई विशेष धन्यवाद पनि दिनुभयो ।

उक्त कार्यशालामा नेपाल राष्ट्र बैंक लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ ।

**२०७३ साउन २७, बिहीबार** **गभर्नरको कार्यालय**